उमाकुण्ड गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
प्रिती, रामेछाप
३ न. प्रदेश, नेपाल

मिति:२०७६/०३/२७

विषय: प्रेस विज्ञप्ति ।

देशको विभिन्न भुभागमा अविरल वर्षा को कारणले आएको बाढी, पहिरो र डुवानबाट भएको मानविय तथा भौतिक क्षति बाट उमाकुण्ड गाउँपालिका स्तव्ध भएको छ । यस दुखद घडिमा बाढी, पहिरो र डुवानमा परि ज्यान गुमाउनु हुने परिवार प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दै घाईते हुनुभएका सवैको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछौ ।

अविरल वर्षाको कारणले उमाकुण्ड गाउँपालिकाको सवै वडा र क्षेत्रहरुमा सडक गोरेटो बाटो खानेपानि र केही वस्तिहरुमा पहिरो समेत गई विस्थापित भएको खवर प्राप्त भएको छ। तसर्थ गाउँपालिकाका सवै वडा र विशेष गरि जोखिम युक्त क्षेत्रमा बसोवार गरिरहनु भएका सम्पुर्ण आमा, बुबा, दाजु, भाई तथा दिदी बहिनीहरु लाई उच्च सतर्कता र सुरक्षित स्थानमा स्थानान्तरण हुन पनि अनुरोध गर्दछौ । विपतको यस घडिमा राहत र उद्धार कार्यमा जुटेर सहयोग गरिदिन हुनको लागी राजनैतिक दलका कार्यकर्ता, सुरक्षा निकाय, विभिन्न संघसंस्था, शिक्षक, विद्यार्थी, कर्मचारी तथा युवा लगाएत सवै आम नागरिकहरुमा उमाकुण्ड गाउँपालिका हार्दिक अपिल गर्दछ ।

गाउँपालिकाले सम्वन्धित वडा कार्यालय हरु सँग आवश्यक सहकार्य र समन्वय गरि बाढी पहिरो बाट प्रभावित भएका सडक, गोरेटो बाटो र खानेपानी व्यवस्थापनको कार्यलाई तिव्रताका साथ अगाडी बढाई आम जनताको दैनिक जनजीवनलाई सहज बनाउन उमाकुण्ड गाउँपालिका ले आवश्यक पहल गरिरहेको छ । यसका साथै पहिरो बाट विस्थापित भएका परिवारलाई सुरक्षित स्थानमा सारी आवश्यक लत्ता कपडा, खाना, त्रिपाल लगाएतका राहतको सामग्रीहरु प्रदान गर्ने काम समेत भैरहेको र यस कार्यलाई निरन्तरता दिइनेछ । राहत, पुर्नस्थापना , खोज र उद्धारको काममा निरन्तर सहकार्य गरि सहयोग गर्नको लागी सवै वडा कार्यलयहरु लाई अनुरोध गर्दै खोज, उद्धार, पुर्नस्थापना लगाएतको काममा समस्या भएमा ९८४३०८१८५१ र ९८५४०४३२३८ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

श्री शेर बहादुर सुनुवार
अध्यक्ष
उमाकुण्ड गाउँपालिका, रामेछाप